**नेपालले मानवाधिकार उलंघनका पिडितहरुलाई न्यायमा पहुँच दिलाउन कानूनहरु परिवर्तन गर्नुपर्छः संयुक्त राष्ट्रसंघीय बिज्ञहरु**

जेनेभा (२१ मई २०१९) - संयुक्त राष्ट्रसंघीय मानवाधिकार समितिले जेनेभामा आज प्रकाशित गरेको निर्णयमा नेपालले बलात्कार एबं अन्य यौनहिंसाको परिभाषालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउनु पर्ने बताएको छ । नेपालको सशस्त्र द्वन्दको बेला बलात्कार, यातना तथा जबर्जस्ती लगाइएको श्रमबाट पिडित एक आदिबासी महिलाको (फूलमती न्याय (नाम परिवर्तन) जो त्यो बेला बालिका थिइन् - व्यक्तिगत उजुरीको प्रतिउत्तरमा समितिले बलात्कार तथा अन्य यौनहिंसाका पिडितहरुलाई उजुरी दर्ता गर्न तथा न्याय र क्षतिपूर्तिको पहुँचमा रहेका ब्यवधानहरु हटाउन नेपाललाई आग्रह गरेको छ ।

*(कृपया यस प्रेस बिज्ञप्तिको अंग्रेजी संस्करणमा रहेको लिंक प्रयोग गर्नुहोस्)*

सन् २००४ जतिबेला उनी १४ बर्षकी थिइन्, सैनिकहरु माओबादीलाई खोज्दै उनको गाउँमा प्रवेश गरे । उनीहरुले अघिल्लो वर्ष माओबादीमा लागेकी उनकी दिदी भन्ने ठानेर उनलाई सैनिक ब्यारेकमा लगियो र त्यहां सम्पर्कशुन्य अवस्थामा बन्दी बनाइयो । आँखामा कालोपट्टी बाँधेर सोधपूछ गरियो र बलात्कार एवं अरु खाले यौनहिंसा गरियो । उनलाई कुटपिट गरियो र ब्यारेकमै इट्टा र बालुवा बोक्ने लगायतका काममा बलपूर्वक लगाइयो ।

डेढ महिना पछि परिवारका सदस्यहरुद्वारा मुक्त गराएपछि यौनहिंसासंग जोडिने नेपाली सामाजिक लाञ्छना र सूचना तथा न्याय र क्षतिपूर्तिका लागि उपलब्ध मार्गहरुहबारेको सूचनामा पहुँचको कमीका कारण उनले आफूमाथि भएका अपराधबारे कुनै पनि निकायमा उजुरी गरिनन । उनले सन् २०१४ मा आएर उजुरी दर्ता गर्ने प्रयास गर्दा बलात्कार सम्बन्धि अपराधमा जाहेरी दिने ३५ दिने समयसीमा (कानुनी भाषामा 'हदम्याद' भनिने) बारे थाहा पाइन् । "स्वेछाचारी ढंगले बन्दी बनाइएको अवस्थामा उजुरी दर्ता गर्न त्यतिबेला उनलाई भौतिक रुपमा असम्भव हुन्थ्यो," समितिले आफ्नो निर्णयमा लेखेको छ । यस्ता अपराधको गंभीरतासंग मेलखाने गरि कानूनमा हदम्यादलाई उल्लेख्य रुपमा बढाउन समितिले नेपाललाई आग्रह गरेको छ ।

नेपालको फौजदारी न्याय प्रणालीमा न्यायिक उपचार अप्रभावकारी हुनुका साथै उनको लागि उपलब्ध नभएकाले पीडितले राष्ट्रसंघीय मानवाधिकार समिति समक्ष उजुरी पुर्‍याइन । १८ जना अन्तर्राष्ट्रिय मानवाधिकार बिज्ञ सम्मिलित एक स्वतन्त्र बिज्ञ मण्डलका रुपमा यो समितिलाई मानवाधिकार उलंघनका आरोपहरुको जाँच गर्ने कार्यादेश रहेको छ र नेपालले सन् १९९१ मा नागरिक र राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय ऐच्छिक सन्धिपत्रमा सहमति जनाएको हो ।

"व्यक्तिहरु आफ्ना राज्यलाई मानवाधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरुप्रति जवाफदेही बनाउन सक्छन् र पिडितहरुलाई न्याय दिलाउने कुरामा बाधा पार्ने सबै – खासगरी यौन हिंसासंग सम्बन्धित – कानूनहरु नेपालले

संशोधन गर्ने आशा गर्दछौ । बिगतका गुनासाहरु समेत सम्बोधन गर्ने उपाय अबलम्बन गर्ने तथा संयन्त्रहरु बनाउनु पर्छ," समिति अध्यक्ष अहमद फथल्लाले भन्नु भयो ।

आफ्नो निर्णयमा समितिले यो स्थितिलाई सम्बोधन गर्न अबलम्बन गरेका उपायहरु बारे १८० दिन भित्र बिवरण प्रेषित गर्न नेपाललाई आग्रह गरेको छ ।

◆◆◆

***पृष्ठभूमि***

*मानवाधिकार समितिले आजसम्म रहेका १७२ राज्यपक्षहरुद्वारा नागरिक र राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि पालनाको अनुगमन गर्दछ । १८ सदस्यीय समितिमा विश्वभरबाट लिइएका स्वतन्त्र मानवाधिकार बिज्ञ रहन्छन जसले कुनै राज्यपक्षको नभई व्यक्तिगत हैसियतमा काम गर्छन ।*

*११६ राज्यपक्षहरु रहेको यसको ऐच्छिक सन्धिपत्रले राज्यपक्षद्वारा भएका मानवाधिकार हननको बिरुद्ध वैयक्तिक रुपमा उजुरी दिन सक्ने अधिकार स्थापित गर्दछ । ऐच्छिक सन्धिपत्रले राज्यपक्षहरुलाई समितिले दिएको रायमा असल नियतपूर्वक पालना गर्ने अन्तर्राष्ट्रिय कानूनी दायित्व लागू गर्दछ । समितिमा वैयक्तिक उजुरी गर्ने प्रक्रिया सम्बन्धि थप जानकारी तथा सन्धि निकाय प्रणाली र मानवाधिकार समितिबारे भिडियो मार्फत थप कुरा थाहा पाउनु अंग्रेजी संस्करणमा रहेका लिंकहरु प्रयोग गर्नुहोस्:*

*मिडियासम्बन्धि कुनै अनुरोध गर्नु परेमा जुलिया ग्रोनेभेटलाई जेनेभामा सम्पर्क गर्नुहोस् +४१ २२ ९१७ ९३१०/ jgronnevet@ohchr.org*

*संयुक्त राष्ट्रसंघीय मानवाधिकार कार्यालयसंग सामाजिक संजालमा जोडिनका लागि– ट्वीटर @UNHumanRights, फेसबुक @unitednationshumanrights र इन्स्टाग्राम @unitednationshumanrights*